# जोरायल गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः१० संख्याः १ गाउँ सभा बैठकबाट स्वीकृत मितिः २०८३/०३/११**

**प्रमाणिकरण मितिः २०८३/०३/१२**

## भाग - १

## जोरायल गाउँपालिका

# जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः**

जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जोरायल गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम **"आर्थिक ऐन, २०८३"** रहेको छ ।
(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि जोरायल गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा,
(क) "ऐन" भन्नाले जोरायल गाउँपालिकाको आर्थिक ऐन २०८३, सम्झनुपर्छ ।
(ख) "कार्यपालिका" जोरायल गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।
(ग) गाउँपालिका भन्नाले जोरायल गाउँपालिका लाई सम्झनुपर्दछ ।
(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्दछ ।
(ङ) "ब्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने जुनसुकै ब्यक्ति सम्झनुपर्दछ ।
(च) "सभा" भन्नाले जोरायल गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।
(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

**३.सम्पत्तिकरः** गाउँपालिका क्षेत्र भित्र रहेका घर टहरा तथा भवनहरु र सो ले चर्चेको जग्गामा अनुसूची –१ बमोजिम सम्पती कर लगाइने र असूल उपर गरिने छ, घरको मूल्याङ्कन अनुसूची २ अनुसार, घरको बनोटको आधारमा ह्रासकट्टी अनुसूची ३ अनुसार गरिनेछ ।
***नोटः- घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई जनाउदछ ।***

**४. भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) को दफा ३ मा उल्लेखित जग्गा मूल्याङ्कन अनुसार भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**५. घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची –५ बमोजिम घर जग्गावहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**६. व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र उद्योग व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी प्रकृति र आर्थिक कारोवारका आधारमा अनुसूची – ६ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

(२) गाउँपालिका क्षेत्र भित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक बर्ष २०८२।०८३ बाट कर लिई पेशा व्यवसायको इजाजत दिईनेछ ।

(३)आर्थिक वर्ष २०८३।०८४ बाट व्यवसाय कर असुल गर्दा व्यवसाय करको दर आर्थिक वर्ष २०८३।०८४ मा उल्लेख भएको दरमा नै असुल गरिनेछ

**७.जडीबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत अनुसूची – ७ कमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

**८. सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची – ८ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. विज्ञापन कर:** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची – ९ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०.मनोरन्जन कर:** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची– १० बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**११.बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची– ११ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२.पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची– १२ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३.सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची – १३ र अनुसूची – १४ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा

जोगिमारा गाउँपालिकाको आर्थिक ऐन,२०८२

सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

<u>**१४.पर्यटन शुल्कः**</u> गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची–१५ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

<u>**१५. प्राकृतिक स्रोत साधन/नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः**</u> यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने, IEE गरेका र घाटगद्दि तोकीएका प्राकृतिक स्रोत साधन नदी, खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनुसूची १६ मा उल्लेख भए बमोजिम न्यूनतम बिक्री कर लगाईने छ ।

<u>**१६. सामुदायिक बनबाट प्राप्त आयः**</u> ***यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक बनका उपभोक्ता समितिले आफ्नो सामुदायिक बनको कुल आम्दानीको १० प्रतिशतका दरले हुन आउने रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ । साथै आ.व. गुज्रेको ३ महिना सम्म जरिवाना लाग्ने छैन, ६ महिना देखी १ वर्ष सम्म २५ प्रतिशत, १ वर्ष भन्दा माथि सत प्रतिशत जरिवाना शुल्क सहित असुलउपर गरिनेछ ।***

<u>**१७. दर घटाउन, बढाउन वा छुट दिन सक्नेः**</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहाने अपाङ्गभएका व्यक्ति तथा महिलालाई ५० प्रतिशत छुट दिईनेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँ सभामा पेश गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१९. दण्ड जरिवना तथा सजाय र पुरस्कारः-** तोकीएको कर दस्तुर सेवा शुल्क समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा अनुसूची १७ बमोजिम दण्ड जरिवाना तथा सजाय लागाईने र असुल उपर गरिनेछ । उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलिमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँसभा अधिबेशनको निर्णय बमोजिम प्रोत्साहान समेत प्रदान गर्न सकिनेछ । अनुसूची १७ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल उपर गरीनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**२०. पुनरावलोकन सम्बन्धी व्यवस्थाः-** (१) गाउँपालिकाले गरेको कर शुल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेको करदाताले गाउँपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन। यसरी पुनरावलोकनका लागी कार्यपालिकाले अध्यक्ष/प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितिले छानविन तथा निर्णय गरी सम्बन्धीत व्यक्तीलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

**२१. कर फिर्ता सम्बन्धी व्यवस्थाः-** करदाताले यस_विधयेक बमोजिम कर बुझाउदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्नेछ सो व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**२२. अन्य व्यवस्थाः-** (१) यस गाउँपालिका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर शुल्क दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

जोरायल गाउँपालिकाको अधिकृत, २०८२

(२) अन्य स्थानिय तहमा कानुन बमोजिम दर्ता नविकरण भएका कम्पनी फर्म संघसंस्थाहरुले सार्वजानिक खरिद प्रक्रियामा सहभागी हुन गाउँपालिकामा पुनः व्यवसाय दर्ता गर्नु पर्ने छैन ।

**<u>२३. नियमावली तथा कार्यविधि बनाउन सक्नेः-</u>** गाउँ कार्यपालिकाले यस ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु बनाइ लागू गर्न सक्नेछ ।

जोरायल गाउँपालिकाको आधिकारिक ऐन, २०८३

## अनुसूची – १,
## दफा ३ सँग सम्बन्धित, सम्पत्तिकर

### १. जोरायल गाँउपालिकाले लगाउने सम्पत्तिकरको आधार (रु हजारमा)

| साविकको गा.बि.स. | खेत तर्फ प्रति रोपनि | | | | पाखो तर्फ प्रति रोपनि | | | | सडकको दाँया बाँया तर्फ प्रति रोपनि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | राजमार्ग | पक्की | ग्रभेल | कच्ची | गोरेटो/घोरेटो |
| घण्टेश्वर | ७० | ६८ | ६० | ५५ | ५४ | ५२ | ५० | ४८ | ३०० | ० | १८० | १५० | १०० |
| छतिवन | ८५ | ८१ | ७९ | ७३ | ७४ | ६७ | ६५ | ६३ | ४९५ | ३८५ | २८५ | २०५ | १५० |
| सरस्वतीनगर | ९१ | ८५ | ८४ | ८२ | ८३ | ८० | ७६ | ७५ | ० | ० | ० | २६० | १८० |
| लक्ष्मीनगर | ११० | १०५ | १०५ | १०० | १०५ | १०० | १०० | ९० | ० | ० | ० | २५० | १९० |
| गडसेरा | ६२ | ६० | ५८ | ५६ | ५८ | ५६ | ५३ | ५२ | ० | ० | ० | ११० | ८५ |
| निरौली | ६० | ५४ | ४९ | ४३ | ४९ | ४३ | ३८ | ३५ | ० | ० | | ११० | ८५ |

### २ .सम्पत्ति करको दर

| कर योग्य सम्पत्तीको मूल्य | वार्षिक दर (उदाहरण ) |
|---|---|
| पाचँ लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एक मुष्ठ रु. १०० |
| दश लाख रुपैयाँसम्मको | प्रति लाख (रु. २०) |
| बिस लाख रुपैयाँसम्मको | प्रति लाख (रु. २५) |
| तीस लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ३०) |
| पचास लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ३५) |
| साठी लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ४०) |
| सत्तरि लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ५०) |
| असि लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ५५) |
| एक करोड भन्दा माथि | प्रति लाख (रु. ६०) |

***नोटः जग्गाको प्रकार नखुलेमा सबैभन्दा र न्युनतम रु ७५ असुल गरिने ।***

**३.कर नलाग्नेः देहायको सम्पत्तिमा सम्पत्तिकर लाग्ने छैनः-**

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा, ।
- सरकारी अस्पतालको भवन र जग्गा, ।
- गुठिको स्वामित्वमा रहेको भवन र जग्गा, ।
- सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा, ।
- धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा, ।
- राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा, ।

## अनुसूची :-२
## दफा ३ संग सम्बन्धित घर मूल्याङ्कनका दरहरु

| घरको बनौट | मूल्याङ्कनका दर प्रति वर्ग फुट रु. २०८३।०८४ |
|---|---|
| आर सिसि छाना भएको पिल्लर सहितको घर | १६०० |
| सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको वाल भएको आर सिसि छाना भएको | १४०० |
| सिमेन्टको जोडाईमा ईटाको वाल भएको पत्थर तथा टिनको छाना भएको | ११०० |
| ढुङ्गाको वाल भएको पत्थर वा टिनको छानो भएको | १००० |
| ढुङ्गाको वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ५०० |
| | |

## अनुसूची :-३
## दफा ३ संग सम्बन्धित घरको हारासकट्टि दरहरु

| क्रस | घरको बनौट | प्रति वर्ष हारसकट्टि दर | हारसकट्टि गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १ | आर सिसि छाना भएको पिल्लर | ०.७५ प्रतिशत | ५० वर्ष |

ओरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | सहितको घर | | |
| २ | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको वाल भएको आर सिसि छाना भएको | १ प्रतिशत | ३५ वर्ष |
| ३ | सिमेन्टको जोडाईमा ईटाको वाल भएको पत्थर तथा टिनको छाना भएको | २ प्रतिशत | २५ वर्ष |
| ४ | ढुङ्गाको वाल भएको पत्थर वा टिनको छानो भएको | ३ प्रतिशत | २५ वर्ष |
| ५ | ढुङ्गाको वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ५ प्रतिशत | १५ वर्ष |

## अनुसूची :-४

## दफा ४ संग सम्बन्धित भुमि कर (मालपोत) दरहरु

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) को दफा ३ मा उल्लेखित जग्गा मूल्याङ्कन अनुसार भुमि कर (मालपोत) लगाइ असुल उपर गरिनेछ ।

| कर योग्य जग्गाको मूल्य | वार्षिक दर २०८३।०८४ |
|---|---|
| पाचँ लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एक मुष्ठ रु. ७५ |
| दश लाख रुपैयाँसम्मको | प्रति लाख रु.१० |
| बिस लाख रुपैयाँसम्मको | प्रति लाख रु.२० |
| तीस लाख रुपैयाँसम्मको | प्रति लाख रु.३० |
| पचास लाख रुपैयाँसम्मको | प्रति लाख रु.४० |
| साठी लाख रुपैयाँसम्मको | प्रति लाख रु.५० |
| सत्तरि लाख रुपैयाँसम्मको | प्रति लाख रु.६० |
| असि लाख रुपैयाँसम्मको | प्रति लाख रु.७० |
| एक करोड भन्दा माथि | प्रति लाख रु.१०० |

**नोटः जग्गाको प्रकार नखुलेमा सबैभन्दा र न्युनतम रु ७५ असुल गरिने ।**

ओरायल गाउँपालिकाको अधिवेशन, २०८३

# अनुसूची –५,
## दफा ५ संग सम्बन्धित, घर बहाल कर

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल करको दर आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा, वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनिबाट निम्न बहाल रकम अशुल गरिनेछ ।

१) संगठित संघ संस्था कम्पनी कार्यालय तथा व्यवसायलाई बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले

२) घरायसी प्रयोजनमा बहालमा दिएमा बहाल अंकको ५ प्रतिशतका दरले ।

# अनुसूची –६,
## दफा ६ संग सम्बन्धित, ब्यवसाय कर

| | | आ.व.२०८३/०८४ को बार्षिक कर (रु) दर्ता | आ.व. २०८३/०८४ को बार्षिक कर (रु) नविकरण |
|---|---|---|---|
| १ | व्यापारिक बस्तु | | |
| १ | **मदिरा** | | |
| | मदिराको डिलर | २०००० | १०००० |
| | मदिराको थोक विक्रेता | १५००० | ८००० |
| | मदिराको खुद्रा विक्रेता | १०००० | ५००० |
| २ | **हल्का पेय पदार्थ** | | |
| | हल्का पेय पदार्थ डिलर | ३००० | १५०० |
| | हल्का पेय पदार्थ थोक विक्रेता | २००० | १००० |
| | हल्का पेय पदार्थ खुद्रा विक्रेता | १००० | ५०० |
| ३ | **पानी डिलर** | २००० | १००० |
| ४ | **सुर्तिजन्य पदार्थ** | | |

| | | | |
|---|---|---|---|
| | सुर्तिजन्य पदार्थ डिलर | ४००० | २००० |
| | सुर्तिजन्य पदार्थ थोक विक्रेता | २००० | १००० |
| | सुर्तिजन्य पदार्थ खुद्रा विक्रेता | १००० | ५०० |
| ५ | **ज्वलरी** | | |
| | ज्वलरी पसल मर्मत/कालिगड/खरिद विक्रि | १५०० | १००० |
| | ज्वलरी पसल मर्मत/कालिगड | १००० | ५०० |
| ६ | **औषधी** | | |
| | औषधी खुद्र पसल डक्टर भएको | ५००० | २५०० |
| | औषधी खुद्र पसल डक्टर नभएको | ३००० | १५०० |
| | आयुर्वेदिक औषधि पसल | १५०० | ७५० |
| | मेडिकल / ल्याव | १५०० | ८०० |
| | एग्रोभेट पसल | १००० | ५०० |
| ७ | **स्टेशनरी तथा पुस्तक** | | |
| | स्टेशनरी तथा पुस्तक थोक विक्रेता | २००० | १५०० |
| | स्टेशनरी तथा पुस्तक खुद्रा विक्रेता | १५०० | १००० |
| | मुद्रण सामग्रि खरिद विक्रि (प्रिन्टङ्ग/अपसेट) | २००० | १००० |
| ८ | **डिपार्टमेन्ट स्टोर** | | |
| | डिपार्टमेन्ट स्टोर | ५००० | २५०० |
| | डिपार्टमेन्ट स्टोर मदिरा सहितको | ७००० | ३५०० |
| | जनरल स्टोर | ४००० | २००० |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| ९ | **ईलोक्ट्रोनिक्स** | | |
| | ईलोक्ट्रोनिक्स थोक विक्रेता | २५०० | १००० |
| | ईलोक्ट्रोनिक्स खुद्रा विक्रेता | १५०० | १००० |
| | मोवाईल पसल/ग्यालरी | १००० | ५०० |
| | अडियो भिडियो सिडि पसल | १५०० | १००० |
| १० | **ईलेक्ट्रिकल/ विद्युतिय सामग्रि** | | |
| | ईलेक्ट्रिकल/ विद्युतिय सामग्रि थोक विक्रेता | ४००० | २००० |
| | ईलेक्ट्रिकल/ विद्युतिय सामग्रि खुद्रा विक्रेता | ३००० | १५०० |
| ११ | **पूजा सामग्रि** | | |
| | पूजा सामग्रिको थोक विक्रेता | २००० | १००० |
| | पूजा सामग्रिको खुद्रा विक्रेता | १००० | ५०० |
| १२ | **फलफुल तथा तरकारी** | | |
| | फलफुल तथा तरकारी पसल थोक विक्रेता | १५०० | १००० |
| | फलफुल तथा तरकारी पसल खुद्रा विक्रेता | १२०० | ८०० |
| | फलफुल पसल | १००० | ५०० |
| | तरकारी पसल | १००० | ५०० |
| १३ | **मासु फ्रेस हाउस** | | |
| | मासु थोक विक्रेता | २००० | १००० |
| | मासु खुद्रा विक्रेता | १००० | ७०० |
| १४ | **दुध र दुधजन्य पदार्थ** | | |
| | दुध र दुधजन्य पदार्थ थोक विक्रेता | २००० | १००० |
| | दुध र दुधजन्य पदार्थ खुद्रा | १५०० | ७५० |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | विक्रेता | | |
| १५ | **खाद्यान्त तथा किराना पसल** | | |
| | खाद्यान्न सप्लायर्स | २००० | १००० |
| | किराना पसल | १५०० | १००० |
| | साना किराना पसल | १००० | ५०० |
| १६ | **आलु प्याज लसुन अदुवा आदि थोक विक्रेता** | २००० | १००० |
| १७ | **कस्मेटिक** | | |
| | कस्मेटिक थोक विक्रेता | २००० | १००० |
| | कस्मेटिक खुद्रा विक्रेता | १५०० | ७५० |
| १८ | **मोटर पार्टस** | | |
| | मोटर पार्टस मर्मत तथा विक्रेता | २००० | १००० |
| | मोटर पार्टस मर्मत तथा खुद्रा विक्रेता | २००० | १००० |
| | लुब्रिकेशन पसल | १००० | ५०० |
| | सवारी साधन स्वरुम (मोटरसाईल/अटो) | ५००० | २५०० |
| १९ | **हार्डवयर** | | |
| | हार्डवयर सामाग्रिहरुको थोक विक्रेता | ४००० | २००० |
| | हार्डवयर सामग्रिहरुको खुद्रा विक्रेता | २००० | १००० |
| २० | **ग्यासँ सलिन्डर** | | |
| | ग्यासँ सलिन्डर डिलर वा सव डिलर | २००० | १००० |
| | ग्यासँ सिलिन्डर खुद्रा विक्रेता | १००० | ५०० |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| २१ | **भाडाकुडा** | | |
| | भाडाकुडा थोक विक्रेता | २५०० | १५०० |
| | भाडाकुडा खुद्रा विक्रेता | १५०० | १००० |
| २२ | **किटनाशक औषधी, मल तथा विउविजन** | | |
| | किटनाशक औषधी, मल तथा विउविजन थोक विक्रेता | ३००० | १५०० |
| | किटनाशक औषधी, मल तथा विउविजन खुद्रा विक्रेता | २००० | १००० |
| २३ | **कपडा** | | |
| | कपडा थोक विक्रेता | २५०० | १५०० |
| | कपडा खुद्रा विक्रेता | १५०० | १००० |
| | फेन्सी पसल | २००० | १००० |
| २४ | **गिफ्ट सामान विक्रि तथा खेलौना पसल** | २००० | १००० |
| २५ | **मिठाई पसल** | १५०० | १००० |
| २६ | **फलाम कृषि औजार पसल** | १५०० | १००० |
| २७ | **चटपट/चाट/पानीपुरि/ठेला गाडा/ठेला वाला पसल** | ५०० | ३०० |
| २ | **सेवा व्यवसाय** | | |
| | निर्माण व्यावसाय (घ वर्ग) इजाजत पत्र शुल्क | १५००० | ० |
| | निर्माण व्यावसाय (घ वर्ग) नविकरण | ५००० | ५००० |
| | बक्यौता रहेमा नविकरणमा वार्षिक थप रकम रु. | १०००० | १०००० |
| | ईजाजत प्रमाणपत्र प्रतिलिपि | ० | २००० |

| | | | |
|---|---|---|---|
| | दस्तुर | | |
| | ईजाजत प्रमाणपत्र परिवार भित्र नामसारी | ० | ५००० |
| | ईजाजत प्रमाणपत्र सगोल परिवार भन्दा बाहिर नामसारी | ० | ८००० |
| | टेलिफोन, मोवाईल, ईन्टरनेट सेवा प्रदायक कम्पनी | ३००० | १५०० |
| | ढुवानी सेवा | ५००० | ३००० |
| | हेयर कटिङ्ग शैलुन | १००० | ५०० |
| | पार्टी प्यालेस | ३००० | १५०० |
| | टेन्ट हाउस | २००० | १००० |
| | क्याटिरिङ्ग | १००० | ५०० |
| | टेन्ट हाउस र क्यान्टिङ्ग | २५०० | १५०० |
| | केवल च्यानल प्रशासन सेवा | २५०० | १००० |
| | मोबाइल टावर | ७५०० | ५००० |
| | एफ.एम. रेडियो | ५००० | २५०० |
| | फोटो स्टुडियो भिडियो समेत | ३००० | १५०० |
| | पालिका स्तरिय फोटो र भिडियो ग्राफर | ३००० | २००० |
| | कम्प्युटर डिजाइन सेवा | १००० | ५०० |
| | खाजा घर | १००० | ५०० |
| | खाजा घर (जम्मा पुँजी ५ लाख सम्म) | १००० | ५०० |
| | खाजा घर (जम्मा पुँजी १0 लाख भन्दा माथि) | २००० | १००० |
| | चिया, कफि पसल | १००० | ५०० |
| | ड्राईभिङ ईन्सच्युट | २००० | १००० |

| | | | |
|---|---|---|---|
| | सिलाई कटाई | १००० | ५०० |
| | सिलाई कटाई तथा कपडा पसल सहित | १५०० | ७५० |
| | पशु बध स्थल् | १५०० | ७५० |
| | जिम हाउस | २००० | १००० |
| | मोबाइल मर्मत सेन्टर | १००० | ५०० |
| | रेडियो घडी मर्मत सेन्टर | १००० | ५०० |
| | जुत्ता चप्पल मर्मत सेन्टर | ५०० | २५० |
| | मोटर साईकल बर्कसप | २००० | १००० |
| | गाडी वर्कसप | १५०० | १००० |
| | ईलेक्ट्रिसियन/प्लम्विङ सेवा | १५०० | १००० |
| | फलफूल तथा तरकारी संकलन तथा बजारीकरण केन्द्र | २००० | १००० |
| ३ | **वित्तिय सेवा** | | |
| | वाणिज्य बैंककवो प्रति शाखा कार्यालय | १०००० | १०००० |
| | विकास बैंकको प्रति शाखा कार्यालय | ८००० | ८००० |
| | वित्त कम्पनीको प्रति शाखा कार्यालय | ५००० | ५००० |
| | लघुवित्त कम्पनिको प्रति शाखा कार्यालय | १०००० | १०००० |
| | विमा कम्पनिको प्रति शाखा कार्यालय | २००० | २००० |
| | वित्तिय सहकारी/बहुउद्धेश्यीय सहकारीको प्रति शाखा | १००० | ५०० |

जोरायल गाँउपालिकाको आर्थिक ऐन २०८३

| | | | |
|---|---|---|---|
| | कार्यालय | | |
| | कृषि सहकारीको प्रति शाखा कार्यालय | ५०० | ५०० |
| ४ | **शिक्षा सेवा** | | |
| | निजी माध्यमिक विद्यालय दर्ता | २५००० | ५००० |
| | निजी आधारभुत विद्यालय दर्ता | १५००० | ३००० |
| | निजी पूर्व प्राथमिक विद्यालय दर्ता | १०००० | २००० |
| | निजी कलेज | २५००० | ५००० |
| | मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | ५००० | २५०० |
| | भाषा प्रशिक्षण | ५००० | २५०० |
| | कम्प्युटर तालिम केन्द्र | ४००० | २००० |
| | होस्टेल | ५००० | ३००० |
| | कोचिङ सेन्टर | १००० | ५०० |
| ५ | **स्वास्थ्य सेवा** | | |
| | क्लिनिक | १५०० | ८०० |
| | प्याथोलोजी (दिशा, पिसाब, रगत) जाँच क्लीनिक | १५०० | ८०० |
| ६ | **विशेषज्ञ सेवा** | | |
| | ईन्जिनियरिङ्ग परामर्श सेवा फर्म(पटके) | २००० | |
| | कानून व्यावसायी | २००० | |
| | लेखा परिक्षण सेवा | १५०० | |
| | अनुसन्धान तथा सेवा परामर्श दाता | ३००० | |
| | विमा एजेन्ट | १००० | |

गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | पशु चिकित्सक | १५०० | |
| | चिकित्सक | २००० | |
| | सर्वेयर | १५०० | |
| | ज्योतिष सेवा | १००० | |
| | नोटरी पब्लिक अनुवादक | २००० | |
| | कविराज | १००० | |
| ७ | **उद्योग** | | |
| | **पर्यटन तथा पर्यटन मूलक उद्योग** | | |
| | होटेल, लज एण्ड रेष्टुरेन्ट (क श्रेणी-११ कोठा र सो भन्दा बढी भएको) सबै वडा | ५००० | ५००० |
| | होटेल, लज एण्ड रेष्टुरेन्ट ( ख श्रेणी-५ कोठा देखि १० कोठा सम्म भएको ) सबै वडा | ३००० | ३००० |
| | होटेल, लज एण्ड रेष्टुरेन्ट ( ग श्रेणी-४ कोठा सम्म भएको ) सबै वडा | २५०० | २५०० |
| | होटेल (बस्ने सुविधा नभएको) र रेष्टुरेन्ट | १००० | ५०० |
| | रिसोर्ट प्रति शाखा | ३००० | ३००० |
| ८ | **कृषिमा आधारित उद्योग** | | |
| | कुटानी पेलानी मिल | २००० | १००० |
| | मसला /चिउरा मिल | १००० | १००० |
| | पाउरोटी, बेकरी, चाउमिन उद्योग | १००० | ५०० |
| | कृषि तथा पशुपंक्षी फर्म | १५०० | ७५० |
| | कुखुरा पालन १देखि १००० | १२०० | ८०० |

| | | | |
|---|---|---|---|
| | सम्म | | |
| | कुखुरा पालन १००१ देखी २००० सम्म | १५०० | ७५० |
| | कुखुरा पालन ह्याचरी समेत भएको | ५००० | ३००० |
| | बंगुरपालन फर्म | १००० | ५०० |
| | बाख्रापालन फर्म | १००० | ५०० |
| | गाई/भैंसी पालन फर्म | १००० | ५०० |
| | कृषक समुह दर्ता /नविकरण | २०० | १०० |
| | डेरी | १५०० | ७५० |
| | डेरी मिस्ठान भण्डार सहितको पसल | २००० | २००० |
| | शित भण्डार | १००० | ५०० |
| | दाना उद्योग | २००० | २००० |
| | खाद्य प्रशोधन उद्योग | २००० | १००० |
| | अल्लो प्रशोधन उद्योग | ३००० | १५०० |
| ९ | **उत्पादन मूलक उद्योग** | | |
| | छापाखाना | १००० | ५०० |
| | ग्रील/मेटल/आल्मुनियम | १५०० | ७५० |
| | ब्लक | १००० | ५०० |
| | पानी | २५०० | १५०० |
| | समिल, प्लाइउड फर्निचर उद्योग | २५०० | १५०० |
| १० | **माथि उल्लेख नभएका उद्योगको हकमा** | | |
| | ठूला उद्योग | १०००० | १०००० |
| | मझौला उद्योग | ६००० | ६००० |

| | | | |
|---|---|---|---|
| | साना उद्योग | ३००० | ३००० |

| ११ | उल्लेखित कर/शुल्क/दस्तुर असूल उपर गर्दा देहाय बमोजिम गरिनेछ। |
|---|---|

क) एक भन्दा बढी व्यवसाय सगै सञ्चालन भई सगै दर्ता गरेमा मुख्य व्यवसायको वार्षिक कर (दर्ता/नविकरण) लाई मान्यता दिईनेछ र अतिरिक्त रु.१०००। वार्षिक करमा जोडिनेछ।

ख. बक्यौता र जरिवानाको हिसाव गर्दा चालु आ.व. को करको दररेटलाई आधार लिईनेछ । सो रकमको १० प्रतिशत बक्यौता लिईनेछ ।

ग. माथि उल्लेखित नभएको व्यवसायको हकमा मिल्दो जुल्दो व्यवसायको बार्षिक कर वा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

घ. यस गाउँपालिकामा दर्ता भएका व्यवसायहरुले आ.व.२०८३/०८४ को असोज मसान्त सम्म नविकरणमा १० प्रतिशत छुट दिईनेछ र सो अवधिभित्र नविकरण नगरेमा १० प्रतिशत थप जरिवाना लाग्नेछ ।

ङ. सार्वजनिक जग्गा संरक्षण तथा उपयोग कार्यविधि तर्जुमा भई लागू नभएसम्मको लागि र आ.व. २०८२।०८३ सम्मको बक्यौता रकमका लागि सार्वजनिक/पर्ती ऐलानी जग्गामा संचालित व्यवसायहरुको लागि साविक बमोजिमकै व्यवसाय दर्ता कर लिईनेछ तथा सो कार्यविधि लागू भए पछि कार्यविधिमा व्यवस्था भए बमोजिम सार्वजनिक जग्गा उपयोग गरे वापतको सार्वजनिक जग्गा उपयोग दस्तुर/शुल्क र व्यवसाय दर्ता कर अन्य व्यवसाय सरह नै लिईनेछ ।

## अनुसूची– ७,
## दफा ७ संग सम्बन्धित, कवाडी कर
### पुनः प्रयोग हुने कवाडी सामानहरुमा लाग्ने करको दररेट

| क.स. | नाम | इकाई | दर २०८३।०८४ | |
|---|---|---|---|---|
| | | | रु | पैसा |
| १ | खालि सिसि वियर | गोटा | १ | |
| २ | खालि सिसि मदिरा र अन्य ५०० एमएल भन्दा माथि | गोटा | | ५० |
| ३ | खालि सिसि मदिरा र अन्य ५०० एमएल भन्दा तल | गोटा | | ३० |
| ४ | मिनरल वाटर बोतल | गोटा | १ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | प्लाष्टिक ( झोला र दुधको थैला बाहेक ) | केजि | ३ | |
| ६ | खाली बोरा | | | |
| | १०० के जि खाद्यान्न अट्ने जुटको बोरा | पिस | १ | |
| | ५० के जि खाद्यान्न अट्ने जुटको बोरा | पिस | | ५० |
| | ५० के जि भन्दा बढी खाद्यान्न अट्ने प्लाष्टिक बोरा | | | ५० |
| ७ | तेलको टिन | पिस | | |
| | ठुलो १० भन्दा बढी अट्ने | पिस | १ | |
| | ठुलो १० भन्दा कम अट्ने | पिस | | ५० |
| ८ | हल्का पेय पदार्थ खालि सिसि | | | |
| | ५०० एमएल भन्दा माथि | पिस | | ४० |
| | ५०० एमएल भन्दा तल | पिस | | २० |
| ९ | पुराना कागज | | | |
| | अखबार | केजि | ३ | |
| | अन्य कागज | केजि | ३ | |
| १० | धातुका कवाडी सामानहरु | | | |
| | फलाम | केजि | २ | |
| | अन्य पित्तल तामा आदी | केजि | १०० | |
| ११ | पोलेथिन पाईपका टुक्राहरु | केजि | ३ | |
| १२ | परालबाट बनेका पुरानो सामान वा पराल | | ५० | |
| १३ | सिसा लिड को धुलो र टुक्रा | केजि | २ | |
| १४ | जस्तापाता | केजि | ५ | |
| १५ | जस्ताको धुलो | केजि | ५ | |
| १६ | झिन्डु (उनको टुक्रा) | केजि | २ | |
| १७ | पुरानो ब्याट्रि | केजि | ५ | |
| १८ | गार्मेन्टको कपडाको टुक्रा | केजि | २ | |
| १९ | जलेको मोबिल | लिटर | २ | |
| २० | जुट र प्लाष्टिकका पुनः प्रयोग हुन नसक्ने बोराहरु | पिस | १ | |

जोरायल गाउँपालिकाको अर्थिक ऐन, २०८३

| | | | | |
|---|---|---|---|---|
| २१ | कार्पेटका टुक्राहरु | केजि | २ | |
| २२ | टायर ट्युब | पिस | २ | |
| २३ | थोत्रा टिन | केजि | २ | |
| २४ | पुरानो ड्रम प्लाष्टि/फलाम | केजि | ४ | |
| २५ | पुरानो टायर ट्युब साईकल | केजि | १ | |
| २६ | कागजको झुरा | केजि | २ | ५० |
| २७ | प्लाष्टिकको जुत्ता चप्पल र प्लाष्टिकको टुक्रा | केजि | ३ | |
| २८ | प्लाष्टिकको थैली झिल्ली पोलेथिन आदी | केजि | ३ | |
| २९ | गत्ता | केजि | ३ | |
| ३० | टायर | पिस | २ | |
| ३१ | टायरको बुराद | केजि | १ | |

| जडिबुटी संकलन तथा निकासी व्यवसाय | दर्ता शुल्क | वार्षिक कर |
|---|---|---|
| बहुमुल्य जडिबुटी (खोटो, च्याउ,सतुवा,जटामासी,अमला, हर्रो बर्रा, रिठो, सिस्नु, दालचिनि पत्ता,काउलो, सिमजडी, ओखर, केरा, सुन्तला, आमिला, तिमुर, भिणेति, कुरिलो, झ्याउ, तिते, बोक्रा, च्याउँ) व्यवशाय | २००० | बिक्रि बापत प्राप्त रकममा १० प्रतिशत |

नोटः-कानूनले निषेध गरेका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तु हाड,सिङ प्वाख,छाला जस्ता बस्तुको व्यवसायिक कारोवारमा कार्यपालिकाको निर्णय बमोजिम (जस्तैः- खसि बाख्रा, राँगा, भैसी, गोरु, बङ्गुर, हाँस, कुखुरा, मह, दलहन,खच्चर, माछा मार्ने जाल)

## अनुसूची– ८,
## दफा ८ संग सम्बन्धित,सवारी साधन कर

१) जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र

२) लगाउन सक्ने सवारी साधन करको दर तल उल्लेखित दरमा तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| सि.न. | | वार्षिक सवारी कर | दर्ता शुल्क | वार्षिक कर |
|---|---|---|---|---|
| १ | सार्बजनिक | ठुला सवारी | | |
| २ | | मझौला सवारी | | |
| ३ | | साना सवारी (कार जिप भ्यान टेम्पो पावरटिलर) | | |
| ४ | | मोटरसाईकल | | |
| १ | निजि | ठुला सवारी | | |
| २ | | मझौला सवारी | | |
| ३ | | साना सवारी (कार जिप भ्यान टेम्पो पावरटिलर) | | |
| ४ | | मोटरसाईकल | | |
| ५ | | अटो रिक्सा वा बिद्युतिय रिक्सा | १००० | ५०० |

## अनुसूची–९,
## दफा ९ संग सम्बन्धित, बिज्ञापन कर

१)जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने विज्ञापन कर तल उल्लेखित दरमा तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

➢ **व्यवसायको विवरण** **बार्षिक कर**

क) होडिङ्ग बोर्ड कर प्रति बर्ग फिट ७५
ख) ब्यानर प्रति गोटा २००
ग) भित्ते लेखन प्रति बर्गफिट २०
घ) साइन बोर्ड पोस्टर टाँस्ने प्रति बर्ग फिट ४०
ङ) डिजिटल बोर्ड प्रति बर्ग फिट २००

नोटः नेपाल सरकार वा जनचेतनामूलक माईकिङमा विज्ञापन कर लाग्ने छैन ।

## अनुसूची –१०,
## दफा १० संग सम्बन्धित,मनोरन्जन कर

जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मनोरन्जन कर प्रदेश कानुनले तोको बमोजिम हुने ।

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | दर २०८३।०८४ | |
|---|---|---|---|---|---|
| १ | मेला महोत्सव सास्कृतिक प्रदर्शन | प्रति टिकेट | ३% | ३% | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | | | |
|---|---|---|---|---|---|
| | खेलकुद प्रतियोगिता | | | | |
| २ | डिजिटल तथा एनालग टेलिभिजनको जडान | प्रति ग्रहाक | रु.५० | रु ५० | |

## अनुसूची –११,

## दफा ११ संग सम्बन्धित, बहाल बिटौरी कर

जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल बिटौरी शुल्कको दर

| सि.नं. | विवरण | दर २०८३।०८४ |
|---|---|---|
| १ | हाट बजार मेला प्रति रु. | १०० |
| | | |

## अनुसूची– १२,

## दफा १२ संग सम्बन्धित,पार्किङ शुल्क

१) जोरायल गाउँपालिकाल बस बिसौनीमा आउने/जाने तथा पार्किङ्क गरेका सवारी साधनको शुल्क ।

| सि.न. | व्यवसायको विवरण | दर २०८३।०८४ |
|---|---|---|
| १ | जिप कार प्रति दिन | ५० |
| २ | ट्रक बस वा ठुला सवारी साधन प्रति दिन | १०० |
| ३ | मोटरसाईकल प्रतिदिन | २० |
| | नोटः सरकारी सवारि साधनलाई पार्कीङ शुल्क नलाग्ने । | |

## अनुसूची– १३,

## दफा १३ संग सम्बन्धित, ट्रेकिङ्ग, कोयोकिड, क्यानोइड, बन्जी, र र्याफ्टङ्ग शुल्

| सि.न. | व्यवसायको बिवरण | दर |
|---|---|---|
| | | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

## अनुसूची– १४,
## दफा १३ संग सम्बन्धित, सेवा शुल्क दस्तुर

**नि:शुल्क गरिएका सेवाहरु:**

- अस्पताल र औषधी उपलब्धका लागि गरिने सिफारिस
- रगत उपलब्धताका लागि गरिने सिफारिस
- व्यक्तिगत घटना दर्ता (३५ दिन सम्म)
- अपाङ्ग परिचयपत्रका लागि सिफारिस
- पेन्सन र सामाजिक सुरक्षासँग सम्बन्धित सिफारिस
- कानुनी सहायताका लागि गरिने सिफारिस
- सामाजिक तथा आर्थिक अवस्था कमजोर भएकाहरुका लागि सबै सिफारिस

| क.सं | विवरण | आ.व. २०८३/०८४ को दररेट (रु.) | |
|---|---|---|---|
| | **सिफारिस** | | |
| | घर जग्गा नामसारी सिफारिस | २५० | |
| | मोहि लगत कट्टा सिफारिस | २५० | |
| | घर कायम सिफारिस | २५० | |
| | अस्थाइ बसोवास सम्बन्धि सिफारिस | २०० | |
| | आर्थिक अवस्था बलियो वा सम्पन्ता प्रमाणित | २५० | |
| | अपाङ्ग सिफारिस | नि:शुल्क | |
| | स्थायि बसोवास सम्बन्धि सिफारिस | १०० | |
| | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | नि:शुल्क | |
| | जीवित रहेको सिफारिस | २०० | |
| | उद्योग ठाउँसारी सिफारिस | ५०० | |
| | व्यवसाय बन्द सिफारिस | ३०० | |
| | व्यापार व्यवसाय नभएको सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| | चौपाया सम्बन्धि सिफारिस | १०० | |
| | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| | विद्यालय सञ्चालन स्विकृत /कक्षा बृद्धि सिफारिस | ५०० | |
| | व्यक्तिगत विवरण सिफारिस | २५० | |
| | जन्म दर्ता सिफारिस | | |
| | संरक्षक सिफारिस व्यक्तिगत | २०० | |
| | संरक्षक सिफारिस संस्थागत | २०० | |
| | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | |
| | जिवित सगँको नाता प्रमाणित | २०० | |
| | मृतक सगँको नाता प्रमाणित | २०० | |
| | निशुल्क वा शसुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | १०० | |
| | घरबाटो प्रमाणित | ३०० | |
| | जन्म मिति प्रमाणित अङग्रेजि र नेपालिमा | २५० | |
| | चार किल्ला सिफारिस | ५०० | ५ कित्ता भन्दा माथि प्रति कित्ता थप रु.१०० |
| | विवाहित प्रमाणित | २०० | |
| | घर पताल प्रमाणित | २५० | |
| | कागज/मञ्जुरिनामा प्रमाणित | १०० | |
| | हकवाला वा हकदार प्रमाणित | २५० | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | अविवाहित प्रमाणित | २०० | |
| | जग्गा रेखाङ्कन वा सो कार्यमा रोहोबर | २५० | |
| | जग्गा धनि पुर्जा हराएको सिफारिस | ३०० | |
| | पूर्जामा घर कायम सिफारिस | २५० | |
| | अङ्ग्रेजि सिफारिस तथा प्रमाणित | ३०० | |
| | मिलापत्र कागज र उजुरी दर्ता | १०० | |
| | व्यक्तीगत घटना सम्बन्धी प्रमाणित (जन्म, मृत्यू, बसाई सराई वा बसाई, विवाह) | २०० | |
| | कृषि र पशुपन्छी सम्बन्धि व्यवसाय दर्ता लागि सिफारिस | १०० | |
| | कृषि/पशुपन्छी सम्बन्धि प्रस्ताव पेश | | |
| | उद्योग दर्ताको लागि सिफारिस | ५०० | |
| | संघ संस्था, समूह दर्ता/नविकरणको लागि सिफारिस | १००० | |
| | **पेन्सन कार्ड वा सो सम्बन्धि सिफारिस** | | |
| | नेपाली संघ संस्थासँग सम्बन्धित | ३०० | |
| | विदेशी संघ संस्थासँग सम्बन्धित | ५०० | |
| | **नागरिकता /नाबालक सम्बन्धि सिफारिस** | | |
| | वंशजको नागरिकता सिफारिस | १५० | |
| | अंगिकृत नागरिकता सिफारिस | ५००० | |
| | नागरिकता प्रतिलिपि सिफारिस | ५०० | |
| | नावालक परिचयपत्र सिफारिस | २०० | |
| | मुचुल्का सहितको नागरिकता सिफारिस अनाथ टुहुरा संरक्षण बाहेको हक मात्र लागू हुने | ३०० | |
| | **राष्ट्रियपरिचयपत्र सम्बन्धि सिफारिस** | | |
| | राष्ट्रिय परिचयपत्रको सिफारिस | २०० | |
| | राष्ट्रिय परिचयपत्रको प्रतिलिपि सिफारिस | ५०० | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | | | |
| | **जग्गा प्रशासन सम्बन्धि सिफारिस** | | |
| | कित्ताकाट सिफारिस | ३०० | |
| | अपुताली सम्बन्धि सिफारिस | ५०० | |
| | जग्गाधनी प्रमाणपुर्जामा विवरण संशोधन सिफारिस | ५०० | |
| | जग्गाधनी प्रमाणपुर्जामा फोटो टाँस र नागरिकता नं. संशोधन सिफारिस | ५०० | |
| | हकवाला संरक्षण सम्बन्धि सिफारिस | ५०० | |
| | बाटो मात्र सिफारिस | २०० | |
| | घर र बाटो दुवै सिफारिस | ५०० | |
| | मोटर बाटोमा नपर्ने सबै | १५० | |
| | कालोपत्रे मोटर बाटो भएको सिफारिस | ५०० | |
| | कच्चि तथा ग्राभेल मोटर बाटो भएको सिफारिस | २५० | |
| | निजी जग्गा/वनमा प्रति रुख | १०० | |
| | सामुदायिक वनमा प्रति रुख | २०० | |
| | सार्वजनिक वनमा प्रति रुख | २०० | |
| | **विधुत सम्बन्धि सिफारिस** | | |
| | विद्युत जडान सम्बन्धि सिफारिस घरयासी प्रयोजन(जग्गाधनि प्रमाणपत्र पेश गर्नेको हकमा) | ३०० | |
| | विद्युत जडान सम्बन्धि सिफारिस घरयासी प्रयोजन(अव्यवस्थित बासोबास) | ५०० | |
| | विद्युत जडान सम्बन्धि सिफारिस (१५ एमपियर भन्दा माथि) | १५०० | |
| | निजी जग्गाको विद्युत पोल सार्ने सम्बन्धि सिफारिस प्रति पोल | ३०० | |

| | | | |
|---|---|---|---|
| | विद्युत मिटर स्थानान्तरण सम्बन्धि सिफारिस | ५०० | |
| | टेलिफोन जडान सम्बन्धि सिफारिस | ३०० | |
| | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धि नामसारी सिफारिस | ३०० | |
| | चारित्रिक सिफारिस | ३०० | |
| | अपाङ्गता सामाजिक सुरक्षा भत्ता, सार्वजनिक सरोकार सम्बन्धि सिफारिस | निशुल्क | |
| | नाता प्रमाणित | २५० | |
| | अविवाहित प्रमाणित | २०० | |
| | कर चुक्ता प्रमाणपत्र | ५०० | |
| | **आयस्रोत प्रमाणित** | | |
| | स्वदेशी प्रयोजनका लागि आयस्रोत प्रमाणित | ०।२५प्रतिशत | |
| | जग्गा मूल्याङ्कन सिफारिस तथा प्रमाणित | ०।२५प्रतिशत | |
| | विदेशी प्रयोजनका लागि आयस्रोत प्रमाणित | ०।२५प्रतिशत | |
| | ठेगाना प्रमाणित (नेपाली र अंग्रेजी दुवै) | ३०० | |
| | अन्य साधारण सिफारिस | १०० | |
| | अंग्रेजी रुपान्तरण सबै कागजात | ५०० | |
| | **सर्जमिन शुल्क** | | |
| | सर्जमिन मुचुल्का प्रमाणीकरण शुल्क (वडा कार्यालयको तर्फबाट तामेली गर्नुपर्ने बाहेक) | ३०० | |
| | वडा कार्यालयको तर्फबाट काम तामेली गर्नेपर्ने सर्जमिन मुचुल्का शुल्क | ५०० | |
| | **व्यक्तिगत घटना दर्ता ३५ दिन म्याद नाघेको** | | |
| | जन्म दर्ता | २०० | |
| | मृत्यु दर्ता | २०० | |
| | बसाई सरि जाने/आउने दर्ता | २०० | |

| | | | |
|---|---|---|---|
| | सम्बन्ध बिच्छेद दर्ता | २०० | |
| | विवाह दर्ता | २०० | |
| | | | |
| | **व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर** | | |
| | जन्म दर्ता | ५०० | |
| | मृत्यु दर्ता | ५०० | |
| | बसाई सरि जाने/आउने दर्ता | ५०० | |
| | सम्बन्ध बिच्छेद दर्ता | ५०० | |
| | विवाह दर्ता | ५०० | |
| | बसाई सराई जिल्लाभित्र | २०० | |
| | बसाई सराई जिल्ला बाहिर | ५०० | |
| | **भरुवा बन्दुक नविकरण सिफारिस दस्तुर** | | |
| | जिल्ला भर | ५०० | |
| | नेपाल भर | १००० | |
| | **सरुवा/सरुवा सहमती तथा प्रमाणित** | | |
| | गाउँपालिका भित्र सरुवा शुल्क | २५० | |
| | जिल्ला भित्र आ.वि. सरुवा सहमति | ५०० | |
| | जिल्ला बाहिर आ.वि. सरुवा सहमति | १००० | |
| | जिल्ला भित्र मा.वि.सरुवा सहमति | १००० | |
| | जिल्ला बाहिर मा.वि. सरुवा सहमति | १५०० | |
| | कक्षा ८ को मार्कसिट प्रतिलिपि | ५०० | |
| | **शिक्षा सम्बन्धि सिफारिस (विद्यालय सञ्चालन अनुमति)** | | |
| | विद्यालय ठाउँसारी गर्ने सिफारिस | ५०० | |
| | आधारभूत बिद्यालय खोल्न सिफारिस (सामुदायीक) | १५०० | |

| | | | |
|---|---|---|---|
| | आधारभूत विद्यालय खोल्न सिफारिस (संस्थागत) | ५००० | |
| | बिद्यालय कक्षा थप गर्ने सिफारिस (सामुदायीक) | १५०० | |
| | बिद्यालय कक्षा थप गर्ने सिफारिस (संस्थागत) | ३००० | |
| | कक्षा ८ को मार्कसिट प्रतिलिपि | ५०० | |

| घर नक्सा पास सम्बन्धि दस्तुर | | | आ व २०८३।०८४ को | | | |
|---|---|---|---|---|---|---|
| आवाशीय भवन | | आ व २०८२। ०८३ को | राजमार्ग सडकको दायाँबायाँ बन्ने घर दर प्रति वर्ग फुट रु | ग्राभेल सडक सडकको दायाँबायाँ बन्ने घर दर प्रति वर्ग फुट रु | अन्य सडकको दायाँबायाँ बन्ने घर दर प्रति वर्ग फुट रु | |
| | आर सिसि फ्रेम स्ट्रक्चर प्रति बर्ग फिट | ७ | ७ | ६ | ५ | |
| | लोडवेरिंग स्ट्रक्चर प्रति बर्ग फिट | ६ | ६ | ५ | ४ | |
| | जस्ता पाताको छाना भएको भवन प्रति बर्ग फिट बर्ग फिट | ५ | ५ | ४ | ३ | |
| | माटोको गाह्रोमा निर्माण हुने घर प्रति बर्ग फिट | ४ | ४ | ३ | २ | |
| | घर जग्गा प्रखाल प्रति वर्ग फिट | ३ | ३ | २ | १ | |
| | **व्यापारिक भवन** | | | | | |
| | आर सि सि फ्रेम स्ट्रक्चर प्रति बर्ग फिट | ९ | ९ | ८ | ७ | |
| | लोडवेरिंग स्ट्रक्चर प्रति बर्ग फिट | ८ | ८ | ७ | ६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जस्ता पाताको छाना भएको भवन प्रति बर्ग फिट | ७ | ७ | ६ | ५ | |
| | माटोको गाह्रोमा निर्माण हुने घर प्रति बर्ग फिट | ६ | ६ | ५ | ४ | |
| | घर जग्गा प्रखाल प्रति वर्ग फिट | ५ | ५ | ४ | ३ | |
| | भवन निर्माण दरखास्त फाराम (नक्सापास किताव) | ५०० | ५०० | ५०० | ५०० | |
| | भवन निर्माण दरखास्त फाराम अभिलेखिकरण किताव | ० | ५०० | ५०० | ५०० | |
| | **घर अभिलेखीकरण तथा सम्बन्धि सिफारिस** | | | | | |
| | **बनिसकेको घर प्रति वर्ग मि.** | **५० पै** | **६** | **५** | **४** | |
| | **निर्माणाधिन घर प्रति वर्ग मि.** | **५** | **५** | **४** | **३** | |
| | घर निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | ५०० | १००० | ५०० | ५०० | |
| | घर निर्माण सम्पन्न प्रमाण पत्र प्रतिलिपि दस्तुर | ५०० | १२०० | ७०० | ६०० | |
| | नक्सापास नामसारी दस्तुर | ५०० | ५०० | ५०० | ५०० | |
| | नक्सापास संशोधन दस्तुर | ५०० | ५०० | ५०० | ५०० | |
| | घर निर्माण ईजाजत पत्र सिफारिस | २०० | ५०० | ३०० | २०० | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८२

| क्र.सं | विवरण | आ.व. २०८३/०८४ को | |
|---|---|---|---|
| | | दर रेट (रु.) | कैफियत |
| | **सरकारी सम्पत्तीको बहालबाट आय** | | |
| | हल भाडा प्रतिदिन | १००० | |
| | फोटोकपि/प्रिन्ट प्रति | १० | |
| | हल भाडा प्रतिदिन गा.पा. कार्यक्रम | ५०० | |
| | बुफर/साउण्ड सिष्टम भाडा प्रतिदिन | १००० | |
| | प्रोजेक्टर भाडा प्रतिदिन | २०० | |
| | टोटल स्टेशन | ३००० | |
| | एम्बुलेन्स भाडा (कार्यविधि अनुसार हुने) | ० | |
| | **परिक्षा शुल्क** | | |
| | श्रेणि विहिन | ३०० | |
| | चौथो तह | ५०० | |
| | पाचौं तह | ७०० | |
| | छैटौ तह | १००० | |
| | सातौ तह | १२५० | |
| | आठौं तह | १५०० | |
| | | | |
| | **सुचिकृत दस्तुर** | | |
| | यस गाउँपालिका भित्र दर्ता तथा नविकरण भएका परामर्श सेवा/ फर्म/सप्लायर्स/कम्पनि/संघ संस्था लागि शुल्क लाग्ने छैन | नि:शुल्क | |
| | यस गाउँपालिका को क्षेत्र भन्दा बाहिर दर्ता तथा नविकरण भएका परामर्श सेवा/ फर्म/सप्लायर्स/कम्पनि/संघ संस्था लागि | ५०० | |
| | **योजना सम्झौता सिफारिस** | | |
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| | **पेश्की माग सिफारिस** | | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| | **भुक्तानी माग सिफारिस** | | |
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| | प्रदेश र संघ अन्तर्गतका योजनाहरुको सिफारिस | ५०० | |
| | धरौटी रकम फिर्ता सिफारिस (धरौटी रकमको ३ प्रतिशत) | | |
| | **प्रदेश सरकार संघिय सरकारले कार्यान्वयन गर्ने योजनाहरुको कार्य सम्पन्न सिफारिस** | | |
| | ५ लाख सम्म | ५०० | |
| | ५ देखी १० लाख सम्म | १००० | |
| | १० देखी ३० लाख सम्म | १५०० | |
| | ३० देखी ५० लाख सम्म | २००० | |
| | ५० लाख भन्दा माथि | २५०० | |
| | **अन्य सिफारिस दस्तुर** | | |
| | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने । | २५० | |
| | जातिय पहिचान र जातिय सिफारिस | १०० | |
| | संघ संस्था दर्ता सिफारिस | ५०० | |
| | प्यान दर्ता सिफारिस दस्तुर | १०० | |
| | समुहगत/व्यक्तिगत फर्म दर्ताको लागि स्थायी लेखा नम्बर सिफारिस | १०० | |
| | सहकारी दर्ता सिफारिस दस्तुर | १००० | |
| | विनियम संसोधन प्रमाणिकरण | ५०० | |
| | मालपोत रसिद प्रतिलिपि दस्तुर | १०० | |
| | कार्यक्रम विस्तार तथा अनुमती | १००० | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | लेखा परिक्षण सिफारिस | ५०० | |
| | घर जग्गा करको लेखाजोखा | १०० | |
| | पानी मुल दर्ता सिफारिस | १००० | |
| | निवेदन दर्ता शुल्क | १०० | |
| | नाम थर, जन्म दर्ता संसोधनको सिफारिस | १०० | |
| | जग्गाधनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | २०० | |
| | पानी परिक्षण प्रति पटक | ५० | |
| | अन्य सिफारिस | १०० | |
| | बोलपत्र फाराम बिक्रि वापत २० लाख भन्दा मुनि | १००० | |
| | बोलपत्र फाराम बिक्रि वापत २० लाख भन्दा माथि २ करोड सम्म | ३००० | |
| | बोलपत्र फाराम बिक्रि वापत २ करोड देखी ५ करोड | ५००० | |
| | आर्थिक ऐन बिक्रि वापत | प्रति पाना रु ५ | |
| | निति तथा कार्यक्रम र बजेट किताब बिक्रि वापत | प्रति पाना रु ५ | |
| | प्रोफाईल/गा.पा. बस्तु स्थिति विश्लेण किताब बिक्रि वापत | प्रति पाना रु ५ | |
| | ऐन नियम तथा कार्यबिधि | प्रति पाना रु ५ | |
| | आवधिक योजना किताब | प्रति पाना रु ५ | |
| | मध्यमकालिन खर्च योजना | प्रति पाना रु ५ | |
| | सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपि | ५०० | |
| | जग्गा नाप जाँच शुल्क (अमिन सेवा शुल्क) | २००० | |
| | संघ संस्था, समह समिति दर्ता दस्तुर | १०० | |
| | संघ संस्था, समूह, समिति दर्ता दस्तुर | १०० | |
| | संघ संस्था, समिति समूहको प्रमाणपत्रको प्रतिलिपि दस्तुर | २०० | |
| | संघ संस्था, समिति, समूहको प्रमाणपत्रको संशोधन प्रतिलिपि दस्तुर | ५०० | |
| | सहकारीको कार्यक्षेत्र विस्तार अनुमति शुल्क | ५०० | |

ओखलढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८२

| | | | |
|---|---|---|---|
| | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर | ५०० | |
| | व्यवसाय दर्ताको संशोधित प्रतिलिपि दस्तुर/एकाघरको नामसारी दस्तुर | १००० | |
| | व्यवसाय नामसारी दस्तुर | २००० | |
| | अन्य सिफारिस | १०० | |
| | **आखाँ उपचार सञ्चालन सम्बन्धी** | | |
| | आखाँ उपचार सेवा शुल्क ओपिडी कार्ड/ दर्ता | ५० | |
| | मेडिसिन शुल्क | सञ्चालन कार्यविधी अनुसार | |
| | चस्मा अप्टिकल सामाग्रि विक्रि | | |
| १. | **उपचार सेवा कार्यक्रम पशु सेवा शाखा** | | |
| | गाई भैसी प्रति पशु दस्तुर | १० | |
| | भेडा बाख्रा प्रति पशु दस्तुर | ५ | |
| | कुखुरा हाँस प्रति पंक्षी दस्तुर | ५ | |
| | कुकुर बिरालो प्रति पशु दस्तुर | २५ | |
| | घोडा खच्चर बादर र अन्य वन्यजन्तु प्रति पशु दस्तुर | ५० | |
| | **प्रयोगशाला परिक्षण** | | |
| | गोबर परिक्षण दस्तुर | १० | |
| | **शव परिक्षण** | | |
| | गाई भैसी | २५ | |
| | भेडा बाख्रा | १५ | |
| | कुखुरा/हाँस | १० | |
| | कुकुर बिरालो | १० | |
| | जङगली जनावर | २०० | |
| | **पशु बन्ध्याकरण** | | |
| | रागो साडे प्रति पशु दस्तुर | ५० | |
| | बोका प्रति पशु दस्तुर | २५ | |
| | कुकुर बिरालो बंगुर दस्तुर | १०० | |
| | कृत्रिम गर्भधान प्रति पशु दस्तुर | २०० | |
| | **पशुपंक्षी निकासी तथा पैठारि दस्तुर** | | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | | |
|---|---|---|---|
| | गाई भैसि प्रति पशु दस्तुर | १०० | |
| | बाखा बंगुर प्रति पशु दस्तुर | ५० | |
| | हाँस कुखुरा तथा अन्य प्रति पंक्षी दस्तुर | ५ | |
| २ | **अन्य सेवा शुल्क** | | |
| | फलफुलका विरुवा प्रति गोटा ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |
| | सिजनल बिउविजन प्रति पटक | ५० प्रतिशत | |
| | **घुम्ती व्यवसायहरुलाई** | | |
| | एक हप्ता सम्म व्यापार गर्ने प्रति व्यक्ति | २०० | |
| | एक महिना सम्म व्यापार गर्ने प्रति व्यक्ति | ५०० | |
| | तिन महिना सम्म व्यापार गर्ने प्रति व्यक्ति | १००० | |
| | छ महिना सम्म व्यापार गर्ने प्रति व्यक्ति | २५०० | |
| | एक बर्ष सम्म व्यापार गर्ने प्रति व्यक्ति | ५००० | |
| | **अन्य क्षेत्रको आय** | | |
| | वन पैदावार विक्रि वितरण वापतको दस्तुर (जम्मा आम्दानीको १० प्रतिशत) | | |
| | सामूदायिक/निजि वन अभिलेख दर्ता | ० | |
| | सामूदायिक/निजि वन बार्षिक कार्ययोजना स्विकृत | १००० | |
| | **बेरुजु** | | |
| | राजश्व बेरुजु बाहेकको रकम | | |

## अनुसूची– १५,

## दफा १४ संग सम्बन्धित,पर्यटन शुल्क

१) जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पर्यटन शुल्कमा गाउँपालिका आफैले संचालन व्यवस्थापन र निर्माण गरेको पर्यटकिय क्षेत्रमा पर्यटन व्यवसाय र क्रियाकलापमा बार्षिक आर्थिक ऐनले तोकेअनुसार पर्यटन शुल्क उठाउनेछ अन्यथा प्रदेश कानूनले तोके बमोजिम हुने ।

जोरायल गाउँपालिकाको आर्थिक ऐन,२०८३

| सि.न. | पर्यटकको प्रकार | शुल्क दर २०८३।०८४ | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक | प्रति व्यक्ति रु. २० | |
| २ | बाह्य पर्यटक | प्रति व्यक्ति रु. ५० | |

नोटः- गाउँपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाईने छैन ।

## अनुसूची– १६
## दफा १५ संग सम्बन्धित
## नदीजन्य पदार्थको बिक्री कर

| सि न | विवरण | शुल्क दर २०८३।०८४ | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा,गिट्टि,बालुवा,भरान,ग्राभेल आदीको बिक्रीमा प्रति घन मिटर रु. (भ्याट बाहेक) | १०५ | |
| २ | माटोमा प्रति घन मिटर रु. (भ्याट बाहेक) लिने । | ३० | |

## अनुसूची– १७
## दफा १९ संग सम्बन्धित
## दण्ड जरिवाना तथा सजाय र पुरस्कार

| क्र.सं. | विवरण | आ.व. २०८३।०८४ को लागि जरिवाना दस्तुर (रु.) |
|---|---|---|
| | गाउँपालिकामा बुझाउनु पर्ने बक्यौता कर रकमको भूमिकर (मालपोत) नबुझाएमा (आ.व. ०८३/०८४ को बाहेक | १० प्रतिशत |
| | व्यवसाय कर विगत बर्षहरुको बक्यौता तिर्न बाँकी भएमा बक्यौता गाउँपालिकामा दर्ता नभएका व्यवसायहरु बाहेक) | १० प्रतिशत |
| | विगत आ.व. को बक्यौता घर बहाल करमा (आ.व. २०८३/०८४ को बाहेक | २० प्रतिशत |
| | विभिन्न संघ संस्था, फर्म/समूहहरु नविकरण गर्न समयमा नआएमा (आ.व. २०८३।०८४ को बाहेक | २० प्रतिशत |

गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | |
|---|---|---|
| | विना अनुमति नदीमा माछा मार्ने विष राख्ने तथा करेन्ट लगाउने पहिलो पटक | ५००० |
| | विना अनुमति नदीमा माछा मार्ने विष राख्ने तथा करेन्ट लगाउने दोश्रो पटक | १०००० |
| | विना अनुमति नदीमा माछा मार्ने विष राख्ने तथा करेन्ट लगाउने तेस्रो पटक | २०००० |
| | पच्चिस मिलिमिटर भन्दा सानो प्वाल भएको र पचास मिलिमिटर ठुलो प्वाल भएको जाल चौथी माहाजाल करेण्ट जाल वा मच्छर झुल पहिलो पटक | १००० |
| | पच्चिस मिलिमिटर भन्दा सानो प्वाल भएको र पचास मिलिमिटर ठुलो प्वाल भएको जाल चौथी माहाजाल करेण्ट जाल वा मच्छर झुल दोश्रा पटक | ५००० |
| | पच्चिस मिलिमिटर भन्दा सानो प्वाल भएको र पचास मिलिमिटर ठुलो प्वाल भएको जाल चौथी माहाजाल करेण्ट जाल वा मच्छर झुल तेस्रो पटक | १०००० |
| | संस्था दर्ता नगरी सञ्चालन गरेमा | ५००० |
| | अनुमती विना व्यवसाय कारोवार सञ्चालन गराए | १०००० |
| | निषेधित तथा अनुमती प्राप्त स्थान बहोक अन्य स्थानमा सेवा तथा वस्तु विक्रि वितरण गरे | २००० |
| | कृतिम अभावको सिर्जना जम्माखोरी कृत्रिम मुल्यवृद्धि गराएमा गुणस्तर हिन बस्तु तथा सेवा विक्रि वितरण गरेमा | ५००० |
| | **बजार व्यवस्थापन तथा उपभोक्ता हक हित संरक्षण ऐन २०७९ को परिच्छेद-११ दफा २९अन्तरगत कार्य गरे कार्यको मात्रा/प्रकृती हेरी दफा ३० बमोजिम जरिवाना गर्न सक्नेछ ।** | |
| | अनुमति नलिई प्लटिङ गरेमा ५ रोपनी सम्म | ५००० |
| | अनुमति नलिई प्लटिङ गरेमा ५ रोपनी भन्दा बढी | ७००० |
| | निषेधित क्षेत्रमा फलफुल, ठेलागाडा, तरकारी, घुम्ती पसल, | ५००० |



जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

| | | |
|---|---|---|
| | प्रचार बोर्ड र अन्य साना व्यवसाय संचालन गरेमा | |
| | निषेधित क्षेत्रमा निर्माण सामाग्री राखी अठचालिस घण्टा भित्र नहटाएमा | २००० |
| | सार्वजनिक स्थानमा विभिन्न प्रकारका फोहर मैला फालेमा | १००० |
| | छतको पानी, बाथरुमको पानी, किचनको पानी सार्वजनिक स्थानमा फालेमा | १००० |

| | | |
|---|---|---|
| | **नक्सापास स्वीकृत विना घर बनाएमा प्रति वर्ग फिट** | |
| | आरसिसि फ्रेम स्टक्चर | ५००० |
| | ब्लक, ढुङ्गा माटोको जोडाइमा, अस्थायी र अन्य संरचनाको लागि | ३००० |
| | अनुमति विना खानी उत्खनन गरेमा | ५००० |
| | नदी जन्य ढुङ्गा, गिटी, बालुवा चोरी निकासी प्रति घन मिटर | १०००० |
| | जथाभावि चौपाया छोड्नेलाई प्रति चौपाया | ५०० |
| | जंगलमा आगो लाउनेलाई जरिवाना | ५००० |
| | | |

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३

## अनुसूची-१८
## दफा २३ संग सम्बन्धित
## व्याकहो लोडर तथा ट्याक्टर सञ्चालन सम्बन्धि दर

| सि.न. | विवरण | | दर | कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन सहित व्याकहो लोडर भाडामा प्रति घण्टा रु. | | २८००। | |
| २ | इन्धन बाहेक व्याकहो लोडर भाडामा प्रति घण्टा रु. | | १३००। | |
| | **ट्याक्टर भाडादर** | | | |
| १ | **मासिक भाडामा** | मासिक | रु. ७५,०००। | इन्धन बाहेक |
| २ | **गाउँपालिका भित्रका आन्तरिक विकास योजना** (वडा तथा गाउँपालिका स्तरीय आयोजनाहरू **इन्धन सहित** | प्रति खेप (Trip) | रु. १,५००/- | ५ किलोमिटरको दुरीसम्म **इन्धन सहित** |

| | | | | |
|---|---|---|---|---|
| ३ | **गाउँपालिका भित्रका आन्तरिक विकास योजना** (वडा तथा गाउँपालिका स्तरीय आयोजनाहरू) **इन्धन बाहेक** | प्रति खेप (Trip) | रु. १,०००/- | ५ किलोमिटरको दुरीसम्म **इन्धन बाहेक** |
| ४ | **दुरीको आधारमा अतिरिक्त शुल्क** (५ किलोमिटर भन्दा बढी दुरी उता लैजानु परेमा) | प्रति किलोमिटर | रु. १५०/- | **इन्धन सहित** |
| ५ | **दुरीको आधारमा अतिरिक्त शुल्क** (५ किलोमिटर भन्दा बढी दुरी उता लैजानु परेमा) | प्रति किलोमिटर | रु. १००/- | **इन्धन बाहेक** |
| ६ | **प्रकोप, उद्धार तथा आपतकालीन कार्य** (बाढी, पहिरो, आगलागी, सडक अवरोध हटाउने आदि) | - | **निशुल्क** | अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतको आदेशमा |
| | यस ऐनमा उल्लेखित बाहेक अन्य विषयका सम्बन्धमा | | प्रचलित ऐन नियम र गाउँपालिकाको निर्णय गरे बमोजिम हुनेछ । | |

आज्ञाले

**गणेश दत्त भट्ट**

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८३